सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश

आज मिति २०७८ साल चैत्र २३ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा ११४ औं बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

| से. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री सुर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नविन्न कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरुङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री आनन्द राज श्रेष्ठ | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरुङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सीं. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी पोंखरेल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |
| २१ | श्री दिवाकर पौडेल | सदस्य सचिव | |

उपस्थिति:

| | | |
|---|---|---|
| श्री लोकराज पाण्डे | प्रमुख, जि. स. स. | |
| श्री विवेक कुमार पण्डित | प्रमुख, प्रशासन शाखा | |
| श्री सुजन मिश्र | मु. प्र. अ. | |

## नगर-कार्यपालिकाको मिति २०७८/१२/२३ गतेको ११४ औं बैठकका निर्णयहरु:

निर्णय नं १

नगर कार्यपालिकाको मिति २०७८।११।१६ गते बसेको ११३ औं बैठकले २९ वटा निर्णय गरेकोमा निर्णयहरु कार्यान्वयन भएको पाईयो ।

निर्णय नं २

सुन्दरबजार सह लगानी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, सुन्दरबजार नगरपालिका, लमजुङको च.नं १७/०७८/०७९ मिति २०७८/१२/२२ गतेको पत्र तथा सुन्दरबजार सह लगानी खानेपानी तथा सरसफाई उपभोक्ता समिती र संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय, बेशिसहर, लमजुङ बिच भएको द्धिपक्षिय सम्झौता अनुसार सुन्दरबजार सह लगानी खानेपानी तथा सरसफाई आयोजना संचालनको लागि टेण्डर प्रकृयामा जान कुल लागत रु ३९,१५,९२,५४२।७७ ।(अक्षरेपी उन्चालिस करोड पन्ध्र लाख बयानब्बे हजार पाँच सय बयालिस रुपैंया सतहत्तर पैसा मात्र) को ५ प्रतिशतले हुन आउने रु १,९५,७९,६२७।१४ ।(अक्षरेपी एक करोड पन्चानब्बे लाख उनासी हजार छ सय सत्ताईस रुपैंया चौध पैसा मात्र) उपभोक्ता समितीको तर्फबाट बेहोर्नुपर्नेमा उपभोक्ता समितिको तर्फबाट रु १७,००,०००। (अक्षरेपी सत्र लाख मात्र ) बैंकमा जम्मा गरिसकेको र रु ८३,००,००० ।(अक्षरेपी त्रियासी लाख मात्र) वजेट विनियोजन भएको हुँदा उक्त रकम उपभोक्ता समितीको खातामा जम्मा गर्ने साथै बाँकी रकम रु ९५,७९,६२७।१४ ।(अक्षरेपी पन्चानब्बे लाख उननासत्तरी हजार छ सय सत्ताईस रुपैंया चौध पैसा मात्र) उपभोक्ता समिती र नगरपालिकाबाट आगामी आ.व.मा बेहोर्ने प्रतिबद्धता पत्र संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना बेशिसहरमा पेश गर्ने निर्णय गरियो ।

जनकराज मिश्र
प्रमुख

निर्णय नं ३

अर्थ मन्त्रालय,गण्डकी प्रदेशको च.नं. ५२१ मिति २०७८।१२।०१ गतेको पत्र अनुसार आ.व २०७९।८० को अन्तरसरकारी वित्त हस्तान्तरण प्रयोजनार्थ समपुरक र विशेष अनुदानको तीन/तीन वटा आयोजना तथा कार्यक्रमको प्रस्तावना माग भएकोमा तपसिल अनुसारका योजना तथा कार्यक्रमको प्रस्तावना पेश गर्ने निर्णय गरियो ।

तपसिल

समपुरक अनुदान तर्फ :

- सु.न.पा ११ मा निर्माणाधिन दुरा संग्राहालय निर्माणको लागि नगरपालिकाको तर्फबाट रु २५,००,००० ।(अक्षरेपी पच्चिस लाख मात्र) बेहोर्ने गरी योजना माग गर्ने ।
- गण्डकी प्रदेश सरकारको समपुरक अनुदानमा मातृभूमि क्याम्पस सुन्दरबजार अस्पताल हुँदै रमाइलो मर्स्याङ्दी पर्यटन केन्द्र सम्मको सडक खण्ड पिच तथा ढल निकास अन्तर्गत सुन्दरबजार अस्पताल देखि रमाइलो मर्स्याङ्दी पर्यटन केन्द्र तर्फ ५०० मि. पिच तथा ढल निकास निर्माणको काम हँदै गरेकोमा बाँकी सडकखण्ड मध्ये डुम्रे बेशिसहर सडकखण्ड अन्तर्गत सु.न.पा ७ सहकाले देखि सुन्दरबजार अस्पताल तर्फ सडक पिच तथा ढल निकासको लागि नगरपालिकाको तर्फबाट रु २५,००,००० ।(अक्षरेपी पच्चिस लाख मात्र) बेहोर्ने गरी योजना माग गर्ने ।
- बोगटी मुहान कुसुम पानी तार्कुकोट मोटरबाटो स्तरोन्नती अन्तर्गत बोगटी मुहान देखी कुवा पानी सम्म १२०० मि. गण्डकी प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत स्तरोन्नती काम हुँदै गरेकोमा बाँकी खण्ड कुवापानी देखी तार्कुकोट सम्मको २ कि.मि बाटो स्तरोन्नतीको लागि नगरपालिकाको तर्फबाट रु २५,००,००० ।(अक्षरेपी पच्चिस लाख मात्र) बेहोर्ने गरी योजना माग गर्ने ।

विशेष अनुदान तर्फ :

- फोहोर मैला व्यवस्थापनको लागि ल्याण्ड फिल्ड साईट पुर्वाधार र सडक निर्माण योजनाका लागि रु १,००,००,००० ।(अक्षरेपी एक करोड मात्र) माग गर्ने ।
- सु.न.पा वडा नं ५ को बजारकोट खानेपानी योजनाका लागि रु ५०,००,००० । (अक्षरेपी पचास मात्र) माग गर्ने ।
- ऐतिहासिक कुन्छा गढी पर्यटन पूर्वाधार विकासका लागि रु १,००,००,००० (अक्षरेपी एक करोड मात्र) माग गर्ने ।

निर्णय नं ४

सु.न.पा कृषि विकास शाखाको आ.व २०७८।७९ को वार्षिक स्विकृत कार्यक्रम अनुसार वित्तिय हस्तान्तरण मार्फत प्राप्त शसर्त अनुदान तर्फको मध्यम प्रविधियुक्त फलफुल नर्सरी स्थापना कार्यक्रमको लागि रु ७,५०,०००।(अक्षरेपी सात लाख पचास हजार मात्र) विनियोजन भई आएकोमा प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तिय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०७८ बमोजिम निवेदकहरुको स्थलगत मूल्याङ्कन गर्दा सु.न.पा १ मा रहेको हिर्कुस एग्रो फर्म प्रा.लिले ६६.१० अङ्क प्राप्त गरेको र कृषि समितिको मिति २०७८।१२।०६ गतेको बैठकको निर्णय अनुसार उक्त फर्मलाई अनुदान सिफारिस गर्ने निर्णय भएकोमा कृषि समितिको निर्णयअनुसार सो फर्मलाई अनुदान दिने निर्णय गरियो ।

निर्णय नं ५

यस नगरपालिका स्वास्थ्य शाखामा कार्यरत कार्यालय सहयोगी मेघ लामा नशा तथा हाडजोर्नी सम्बन्धी रोगबाट ग्रसित रहेको र निजको उपचार लागि कृतिपुर अस्पताल,काठमाण्डौमा शल्यक्रिया गर्नकोलागि रु. १५,००० ।(अक्षरेपी पन्ध्र हजार मात्र) आर्थिक सहायता शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ६

आ.व २०७८।७९ को वार्षिक कार्यक्रम **WIFI Zone** अन्तर्गत वडा नं १,२,६,७ मा ईन्टरनेट जडानको लागि सम्झौता अनुसारको काम सम्पन्न गरि वडाको सिफारिस सहित भुक्तानीको पेश भएका तपसिल अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

<u>लमजुङ मालिका केवल नेटवर्क :</u>

वडा नं १ : २२२ घर घुरी (रु ३,७६,२९०)(अक्षरेपी तीन लाख छहत्तर हजार दुई सय नब्बे)
वडा नं २ : ३३७ घर घुरी (रु ५,७१,२१५)(अक्षरेपी पाँच लाख एकहत्तर हजार दुई सय पन्ध्र)
वडा नं ७ : १०० घर घुरी (रु १,६९,५००)(अक्षरेपी एक लाख उनानसाठी हजार पाँच सय)

<u>टेकमाईन्ड नेटवर्क</u>

वडा नं ६ : ९३ घर घुरी (रु १,५७,६३५)(अक्षरेपी एक लाख सन्ताउन्न हजार छ सय पैतीस)
वडम नं ७ : १० घर घुरी (रु १६,९५०)(अक्षरेपी सोह्र हजार नौ सय पचास मात्र)

जनकराज मिश्र
प्रमुख

निर्णय नं ७

सिर्जनात्मक बचत तथा ऋण सहकारी संस्था लि., सु.न.पा-९, भोटेवडारको च.नं १२७ मिति २०७८/११/२२ गतेको निवेदन अनुसार सो संस्थाले अन्तराष्ट्रिय नारी दिवसको अवसरमा मिति २०७८/११/२४ गते देखि ५ दिने महिला उद्घोषण तथा नेतृत्व विकास तालिम, स्त्रि तथा प्रसुती रोग विशेषज्ञको स्वास्थ्य शिविर र मिति २०७८/१२/१६ गते देखि जिल्लाव्यापी द्धितिय सिर्जनात्मक कप भलिबल प्रतियोगिता संचालन गर्नको लागि आर्थिक सहयोग माग गरेकोमा उल्लेखित कार्यक्रम संचालन खर्च स्वरुप रु ५०,०००।(अक्षरेपी पचास हजार मात्र) गै.स.स शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ८

सुन्दरबजार महिला संघ, सुन्दरबजार, लमजुङको मिति २०७८/११/२० गतेको निवेदन अनुसार ११२ औं अन्तराष्ट्रिय नारी दिवसको अवसरमा स्थानीय तहमा महिलाको भुमिका (नेतृत्व विकास) तथा कानुनी परामर्श विषयको प्रशिक्षण कार्यक्रम संचालनको लागि आर्थिक सहयोग माग गरेकोमा उल्लेखित कार्यक्रम संचालन खर्च स्वरुप रु ५०,०००।(अक्षरेपी पचास हजार मात्र) गै.स.स शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ९

नेपाल पत्रकार महासंघ, लमजुङको च.नं १३ मिति २०७८/१२/१८ गतेको पत्र अनुसार महासंघले चैत्र १०,११ र १२ गते संचालन गरेको तीने आधारभूत पत्रकारिता तालिम खर्च बापत रु ३०,०००।(अक्षरेपी तीस हजार मात्र) गै.स.स शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १०

त्रिवेणी यूवा क्लव, बेशिसहर, लमजुङको च.नं १७ मिति २०७८/०८/१६ गतेको निवेदन अनुसार २९ औं त्रिवेणी कप राष्ट्रव्यापी खुल्ला फुटबल प्रतियोगिता-२०७८ संचालन गर्न साझेदारीका लागि रकम माग गरेकोमा गै.स.स शिर्षकमा विनियोजित बजेटबाट रु ३०,००० । (अक्षरेपी तीस हजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।

अम्बिकराज मिश्र
प्रमुख

निर्णय नं ११

सुन्दरबजार यूवा क्लव, सुन्दरबजार, लमजुङको मिति २०७८/०९/०६ गतेको निवेदन अनुसार तेस्रो खुल्ला पुरुष फुटबल प्रतियोगिता संचालन गर्न साझेदारीका लागि रकम माग गरेकोमा गै.स.स शिर्षकमा विनियोजित बजेटबाट रु ३०,००० । (अक्षरेपी तीस हजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १२

ठाडोभाका लोककला प्रतिष्ठान नेपालको मिति २०७८/११/०९ गतेको निवेदन अनुसार ठाडोभाका र बाघचाल खुल्ला प्रतियोगिताका संचालन गर्न साझेदारीका लागि रकम माग गरेकोमा गै.स.स शिर्षकमा विनियोजित बजेटबाट रु २०,००० । (अक्षरेपी बिस हजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १३

लमजुङ उद्योग वाणिज्य संघ, सुन्दरबजार इकाई समिति, सुन्दरबजार, लमजुङको मिति २०७८/११/२२ गतेको निवेदन अनुसार बजार क्षेत्रमा होर्डिङ बोर्ड, नो पार्किङ बोर्ड र जेब्राकस राख्नको लागि गै.स.स शिर्षकमा विनियोजित बजेटबाट रु ४५,००० ।(अक्षरेपी पैतालिस हजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १४

नवदेउराली क्लब, सुन्दरबजार, लमजुङको मिति २०७८/११/२० गतेको निवेदन अनुसार २०७९ सालको भित्ते पात्रो प्रकाशनको लागि गै.स.स शिर्षकमा विनियोजित बजेटबाट रु १०,००० ।(अक्षरेपी दश हजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १५

लुकेको खबर प्रा.लि, काठमाण्डौको मिति २०७८/०८/०२ गतेको निवेदन अनुसार प्रथम खुल्ला डिजिटल तीजगीत प्रतियोगिता संचालन गर्न साझेदारीका लागि रकम माग गरेकोमा गै.स.स शिर्षकमा विनियोजित बजेटबाट रु २०,००० । (अक्षरेपी बिस हजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १६

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६१ बमोजिम बालबालिकाको अधिकारको सम्मान,संरक्षण र सम्बर्द्धन गर्न तथा बालबालिका संरक्षण कार्य समेत

जनकराज मिश्र
प्रमुख

गर्नका लागि स्थानीय तहमा एक जना बाल कल्याण अधिकारी रहने व्यवस्था भए बमोजिम यस नगरपालिकामा बाल कल्याण अधिकारीको काम काज गर्न अधिकृतस्तर छैंटौ श्री निर्मला पौडेललाई तोक्ने निर्णय गरियो ।

निर्णय नं १७

सु.न.पा पशु सेवा शाखाको आ.व २०७८/७९ को बार्षिक कार्यक्रम अन्तर्गत नेपाल सरकार सर्शत अनुदान प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रमको लागि आवेदन परेका आवेदकहरुको साना व्यवसायी कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम संचालन कार्यविधी २०७४ अनुसार मूल्याकंन गर्दा सु.न.पा ९ मा रहेको समृद्धी बाखा पालन कृषक समुहले ६७ अंक प्राप्त गरेको र सु.न.पा ९ मा रहेको एकिकृत बाखा पालन कृषक समुहले ७७ अंक प्राप्त गरेको हँदा सो कार्यक्रमको लागि सु.न.पा ९ मा रहेको एकिकृत बाखा पालन कृषक समुह छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं १८

सु.न.पा वडा नं ६ को आ.व २०७८/७९ को बार्षिक कार्यक्रम अन्तर्गत युवा लक्षीत स्वरोजगार आय आर्जन तथा खेलकुदको लागि विनियोजन भएको रु ५,००,००० ।(अक्षरेपी पाँच लाख मात्र) विनियोजन भएकोमा सु.न.पा ६ फेदीकुनामा ब्याडमिन्टन कोर्ट निर्माणको लागि रु २,५०,००० ।(अक्षरेपी दुई लाख पचास हजार मात्र), जिल्ला स्तरीय ब्याडमिन्टन प्रतियोगीता संचालनको लागि रु ३०,००० ।( अक्षरेपी तीस हजार मात्र) विनियोजन भएकोमा बाँकी रकम रु २,२०,००० ।( अक्षरेपी दुई लाख बिस हजार मात्र) सु.न.पा ६ खत्रीठाँटीमा रहेको जनशक्ती युवा क्लबको फुटबल मैदानमा मंञ्च निर्माण योजनाको लागि विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १९

सु.न.पा वडा नं ६ को आ.व २०७८/७९ को बार्षिक कार्यक्रम अन्तर्गत युवा लक्षीत स्वरोजगार आय आर्जन तथा खेलकुदको लागि विनियोजन भएको रु ५,००,००० ।(अक्षरेपी पाँच लाख मात्र) विनियोजन भएकोमा सु.न.पा ६ फेदीकुनामा ब्याडमिन्टन कोर्ट निर्माणको लागि रु २,५०,००० ।(अक्षरेपी दुई लाख पचास हजार मात्र), जिल्ला स्तरीय ब्याडमिन्टन प्रतियोगीता संचालनको लागि रु ३०,००० ।( अक्षरेपी तीस हजार मात्र) विनियोजन भएकोमा बाँकी रकम रु २,२०,००० ।( अक्षरेपी दुई लाख बिस हजार मात्र) सु.न.पा ६ खत्रीठाँटीमा रहेको जनशक्ती युवा क्लबको फुटबल मैदानमा मञ्च निर्माण योजनाको लागि विनियोजन गर्ने निर्णय गरियो ।

जनकराज मिश्र
प्रमुख

निर्णय नं २०

सडक बोर्ड नेपाल मिनभवन,काठमाण्डौंको च.नं ९४९ मिति २०७८/११/११ गतेको पत्र अनुसार चालु आ.व २०७८/७९ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि रु ४४,००,००० ।(अक्षरेपी चौवालीस लाख मात्र) बजेट स्वीकृत भएको र सडक बोर्ड नियमावली २०६० परिच्छेद (३) नियम (९) बमोजिम नगरपालिकाको तर्फबाट ब्यहोर्नुपर्ने समपुरक कोषको रकम रु १८,८५,८०० । (अक्षरेपी अठार लाख पचासी हजार आठ सय मात्र) व्यहोर्ने प्रतिवद्धता सहित सु.न.पा १ मा रहेको सुत्केरीले गाडेको ढुंगा देखी देवताको थान सम्मको बाटो स्तरोन्नतीको योजना सहमतीको सडक बोर्ड नेपालमा लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २१

नेपाल राष्ट्रिय शिक्षक संगठन सुन्दरबजार नगर कमिटि, लमजुङको मिति २०७८।०८।१९ गतेको निवेदन अनुसार १२ औं जिल्ला अधिवेशन संचालनको लागि रु १५,००० ।(अक्षरेपी पन्ध्र हजार मात्र) आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं २२

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन जिल्ला कमिटि, लमजुङको मिति २०७८।११।१३ गतेको निवेदन अनुसार २४ औं जिल्ला सम्मेलन संचालनको लागि रु १५,००० ।(अक्षरेपी पन्ध्र हजार मात्र) आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं २३

नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्यसमिती, लमजुङको क्यालेन्डर प्रकाशनको लागि रु १५,००० ।(अक्षरेपी पन्ध्र हजार मात्र) आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं २४

सु.न.पा ८ बलिथुम निवासी लोक गिरी सन्यासी दृष्ट्रि विहिन छोरी सुत्केरी रहेको र निजको आर्थिक अवस्था कमजोर भएको कारण पोषण सुधारको लागि रु २५,००० ।(अक्षरेपी पच्चिस हजार मात्र) आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी, प्रदेश

...राज मिश्र
प्रमुख